निर्वाचन आयोग दर्ता नं. १५०
# जनमत पार्टी
JANAMAT PARTY
केन्द्रीय कार्यकारिणी समिति
GPO - 8975, EPC - 2200, Kathmandu, Nepal janamatparty.org janamatparty@gmail.com

पत्र संख्याः
चलानी नं :

मितिः
२०८१/०८/१७

## प्रेस विज्ञप्ति

संघीय संसद सचिवालयबाट मिति २०८१/०८/०७ मा जनमत पार्टीलाई यस पार्टीबाट समानुपातिक तर्फबाट प्रतिनिधि सभा सदस्य रही कारबाही भई साधारण सदस्य समेत नरहेका मा. गोमा लाभ सापकोटाको कारबाही सम्बन्धी लेखिएको पत्र प्रति जनमत पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ।

राजनैतिक दल सम्बन्धी ऐन २०७३ को दफा ३४ (१) अनुसार "संघीय संसद वा प्रदेश सभाको सदस्य रहेको दलको सदस्यले यस ऐन बमोजिम दल त्याग गरेमा वा निजलाई दलबाट निष्कासन गरिएमा **त्यसको निर्णय सहितको सूचना** सम्बन्धित संसदीय दलले सम्बन्धित सभाको सचिवालयलाई दिनु पर्नेछ।" साथै दफा ३४(२) अनुसार उपदफा (१) बमोजिम सूचना प्राप्त भए पछि संघीय संसद वा प्रदेश सभा सचिवालयले त्यस्तो सूचना सम्बन्धित सदन वा सभाको सभामुख वा अध्यक्ष समक्ष पेश गर्नेछ। त्यस्तै दफा (३५) अनुसार "दफा ३४ बमोजिम सूचना प्राप्त भए पछि सम्बन्धित सदन वा सभाको सभामुख वा अध्यक्षले त्यस्तो सूचना दर्ता भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो सूचनाको जानकारी सम्बन्धित सदन वा सभामा दिनेछ।

राजनैतिक दल सम्बन्धी ऐन २०७३ ले सभामुख वा संघीय संसद सचिवालयलाई कारबाही सम्बन्धी दिएको अधिकार त्यति हो अर्थात् दलले निर्णय सहितको सूचना दिए पछि सचिवालयले पन्ध्र दिनभित्र त्यस्तो सूचनाको जानकारी सम्बन्धित सदन वा सभामा दिने हो वा अधिवेशन चालू नरहेको अवस्थामा सूचना टाँस गर्ने हो। कारबाहीको प्रक्रिया मिले नमिलेको, आधार गम्भीर रहे नरहेको, कागजात सक्कली रहे नरहेको 'फोरेन्जिक जाँच' गर्ने आदि अधिकार संघीय संसद सचिवालयलाई स्पष्ट रूपमा छैन। तर संघीय संसद सचिवालयले अन्य दल तथा निकायको प्रभावमा तथा सभामुखको आफ्नो नातेदार वा समुदायको मान्छे कारबाहीमा पर्न लाग्यो भन्दैमा सो अधिकार क्षेत्र मिच्दै हदभन्दा बाहिर गएर निर्णय गरेको ठहर जनमत पार्टीको रहेको छ।

राजनैतिक दल सम्बन्धी ऐन २०७३ को दफा १८ अनुसार दलको विधान अनुसार दलले आफ्ना सदस्यहरूमाथि अनुशासनात्मक कारबाही गर्दा सो कारबाही कति गम्भीर प्रवृत्तिको भएको, मान्य भए नभएको, प्रक्रिया मिलेको नमिलेको, कागजपत्र विश्वसनीय रहे नरहेको हेर्ने निकाय संघीय संसद सचिवालय नरहेको कुरामा सभामुखले स्पष्ट हुनु पर्दछ। दलको विधान अनुसार सो कारबाही मिले-नमिलेको हेर्ने निकाय निर्वाचन आयोग हो या त अदालत हो। तर संघीय संसद सचिवालयले 'सब्जेक्टिव' र पूर्वाग्रही रूपमा आफ्नो मत राख्दै "निजले पद नै जाने प्रकृतिको कुनै काम गरेको नदेखिएको, ...पद नरहने

Scanned with CamScanner

निर्वाचन आयोग दर्ता नं. १५०

# जनमत पार्टी

# JANAMAT PARTY

## केन्द्रीय कार्यकारिणी समिति

GPO - 8975, EPC - 2700, Kathmandu, Nepal janamatparty janamatparty@gmail.com

पत्र संख्याः मितिः

चलानी नं.:

प्रकृतिको अन्य कुनै कानूनले परिभाषित गरेको कसूर गरेको समेत नदेखिएको, ...कारबाहीको सम्बन्धमा तयार गरिएका कागजपत्रहरू विश्वसनीय नदेखिएको..." भन्ने जिकिर गर्दै दलले गरेको कारबाहीलाई बदर गर्दा संसद सचिवालयले दलको सर्वोच्चतालाई मात्रै हनन गरेको छैन कि सभामुखले कुनै पार्टी विशेषको एउटा कार्यकर्ता बनी आफ्नो अधिकार क्षेत्रभन्दा धेरै बाहिर गएर गैरकानूनी, गैरसंवैधानिक, बहुदलीय संसदीय व्यवस्था तथा लोकतन्त्रमाथि नै आँच आउने गरी आपराधिक कार्य गरेको छ। यदि सभामुखलाई आफ्नो अधिकार क्षेत्रबाहिर गएर स्वेच्छाचारिता गर्न दिइयो भने यो एउटा नजिर कायम हुन्छ र यो लोकतन्त्रकै लागि ठूलो खतरा साबित हनेछ।

कोही प्रतिनिधि सभा सदस्य सभामुखको नातेदार र समुदायको मान्छे पर्यो भन्दैमा र सभामुखको (पूर्व) पार्टी नेकपा (एमाले)मा जाने वचनबद्धता गर्यो भन्दैमा जनमत पार्टीको केन्द्रीय समितिले सम्पूर्ण प्रक्रिया पूऱ्याई कारबाही सदर गरिसकेको सदस्यलाई यसरी गैरसंवैधानिक कदमद्वारा रक्षा गर्ने **सभामुखले अविलम्ब राजीनामा दिनु पर्दछ।**

सभामुखले संघीय संसदमा यस अगाडि पनि भाषा र भेषभूषाको प्रयोग सम्बन्धमा, जनमत पार्टीसहित मधेश केन्द्रित दलका सांसदहरूलाई दिने विशेष समय र आकस्मिक समय सम्बन्धमा, रंगभेद विरुद्ध सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गर्ने सम्बन्धमा र सो प्रस्ताव टेबल गर्ने सम्बन्धमा चरम नश्लवादी र रंगभेदी व्यवहार देखाउँदै आएको छ। संघीय संसद् सचिवालयले मधेशीहरूप्रति देखाएको रंगभेदी र नश्लवादी व्यवहार र नीतिको हामीले संसद्मा समेत घोर विरोध गर्ने छौं। संघीय संसद् सचिवालयले आफ्नो नश्लवादी निर्णय नसच्याए हामी संसद् अवरूद्ध गर्न बाध्य हुनेछौं ।

..............................

डा. शरद सिंह यादव
केन्द्रीय प्रवक्ता, जनमत पार्टी

CS Scanned with CamScanner